निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ५१ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

मन्थली नगरपालिकाको कार्यपालिकाको ५१ औं वैठकले नगरपालिकाबाट चालु आ.व.मा विनियोजित रकमबाट सञ्चालन हुने पूर्वाधारतर्फका योजनाको सम्झौताको म्याद यही कार्तिक मसान्तसम्म तोकेकोमा दशै तिहार लगायतका चाँडबाडका कारण अधिकाँश योजनाको सम्झौताको कार्य वाँकि रहेकाले योजना सम्झौताको म्याद यही मंसिर २५ गतेसम्म कायम गर्ने।

निर्णय नं. ३

मन्थली नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षण स्वयंसेवक कार्यक्रम सञ्चालन र अनुदान शिक्षक नियुक्ती तथा परिचालन एवं विद्यालय कर्मचारी भर्ना एवं परिचालनमा एकरुपता कायम गराउन सरोकारवाला निकायहरुको सुझाव सहित नगर शिक्षा समितिबाट अनुमोदन भई पेश भएको मन्थली नगरपालिकाको शिक्षण स्वयम सेवक, अनुदान शिक्षक र विद्यालय कर्मचारी छनौट मस्यौदा कार्यविधि २०७८ परिमार्जन सहित पारित गर्ने।

निर्णय नं. ४

मन्थली नगरपालिका घोषणा भएको दिन मंसिर १६ गते नगरपालिका दिवस विभिन्न कार्यक्रमका साथ मनाउन आवश्यक तयारीका लागि नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

## निर्णय नं. ५

नगरपालिकाका १४ ओटा नै वडामा सञ्चालित मेलमिलाप केन्द्रलाई व्यवस्थित गराउन वडा कार्यालयको समन्वयमा आवश्यक कार्य अगाडि बढाउने र मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि मस्यौदा गर्न कानुन शाखालाई जिम्मेवारी दिने ।

## निर्णय नं. ६

मन्थली नगरपालिका मेयर कप भलिवल प्रतियोगिता यही पुस २३, २४ र २५ गते सञ्चालन गर्न सबै वडाहरुले आवश्यक आ-आफ्नो तयारी गर्ने ।

## निर्णय नं. ७

मन्थली नगरपालिकाका सबै नगरवासीको मृगौला परीक्षण गर्न राष्ट्रिय मृगौला केन्द्रसँग भएको सम्झौता बमोजिम नगर तथा वडास्तरमा सञ्चालित स्वास्थ्य संस्था, खोप केन्द्र, गाँउघर क्लिनिक, विद्यालय लगायतका संस्थामार्फत मृगौला परीक्षण कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्न सम्बध्द जनप्रतिनिधि, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुले आवश्यक सहयोग र समन्वयको भूमिका खेल्ने ।

## निर्णय नं. ८

रामेछापको मन्थलीमा आगामी मंसिर १५ गते देखि सञ्चालन हुन लागेको दोस्रो राष्ट्रिय खुला माझी गोल्डकप फुटबल प्रतियोगिता सञ्चालनका लागि कार्य प्रगतिको विवरण पेश गर्ने गरी मन्थली नगरपालिकाको चालु आ.व.को क्लव मार्फत सञ्चालन हुने खेलकुद प्रतियोगिताका लागि सहयोग शिर्षकबाट रु ३५०००० र चालु आ.व.को सञ्चित कोषबाट रु ६५०००० गरी जम्मा रु १०००००० रकम उपलब्ध गराउने ।

निर्णय नं. ९

देहाय बमोजिमका आयोजनाहरु देहाय बमोजिमको कोषबाट सञ्चालन गर्न आवश्यक वजेट विनियोजनका लागि राष्ट्रिय योजना आयोगमा सिफारिस गरी पठाउने ।

(क) विशेष अनुदान

१. स्वास्थ्य चौकी भवन निर्माण भटौली मनपा ७

२. स्वास्थ्य चौकी भवन निर्माण फुलासी मनपा १३

३. स्वास्थ्य चौकी भवन निर्माण सुनारपानी मनपा ५

४. सेतीदेवी मा.वि भवन निर्माण सालु मनपा ४

५. कालिकादेवी मा.वि. भवन निर्माण भलुवाजोर मनपा ६

(ख) समपुरक अनुदान

१. आफ्नै स्वामित्वमा जग्गा रहेका वडा कार्यालयहरु

वडा नं. ७, ८, ९, ११, १३

२. आफ्नै स्वामित्वमा जग्गा नरहेका तर ऐलानी पर्ती जग्गा रहेका वडा कार्यालयहरु

वडा नं. ३, ४, ५, ६, १२

निर्णय नं. १०

मन्थली नगरपालिकाको रिक्त नगर प्रहरी हवल्दार पदमा पदपूर्ती गर्न प्रस्तावित पदपूर्त्ती समिति अनुमोदन गर्ने ।

निर्णय नं. ११

यस नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको लेखा परीक्षण कार्य बाँकी रहेकाले ती स्वास्थ्य संस्थाहरुको लेखा परीक्षण गर्ने जिम्मेवारी नगरपालिकाको आन्तरिक लेखा परीक्षकलाई प्रदान गर्ने ।

निर्णय नं. १२

नगरपालिकाबाट विनियोजित र संघ तथा प्रदेशका विभिन्न निकायहरुबाट वजेट प्राप्त भई नगरपालिकाबाट सञ्चालित योजनाको अन्तिम भुक्तानी आन्तरिक लेखा परीक्षकबाट परीक्षण पश्चात मात्र गर्ने ।

निर्णय नं. १३

मन्थली नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि २०७७ को अनुसुची ४ मा रहेका बालमैत्री स्थानीय शासनका सूचकहरुमा संघीय मामिला तथ सामान्य प्रशासन मन्त्रालयको परिपत्रबाट प्राप्त थप सुचक समावेश गरी परिमार्जन गर्ने ।

निर्णय नं. १४

तपसिलमा उल्लेखित कार्यविधिमा देहाय बमोजिम शंसोधन गर्ने ।

१. युवा उद्यम कार्यक्रम सञ्चालन कार्यविधि २०७६

*शंसोधन गर्ने दफा ६ (३)*

| साविकमा भएको | हाल प्रस्तावित शंसोधन |
|---|---|
| शिक्षा युवा तथा खलकुद शाखा प्रमुख -सदस्य सचिव | आर्थिक विकास शाखा शाखा प्रमुख – सदस्य सचिव |